# पवित्र, पवित्र, पवित्र परमेश्वर

१. पवित्र(३) परमेश्वर, बिहान सधैं तपाईंको आराधना हुँदछ
पवित्र(२) शक्तिमान दयालु, त्रिएक परमेश्वर धन्य तपाईंलाई ।

२. पवित्र(३) परमेश्वर, भक्तहरू ढोग्दछन् तपाईंको चरणमा
करूवीम र सराफीम दूतले दण्डवत् गर्छन् जो थिए छन् र हुनेछन् सदा ।

३. पवित्र(३) परमेश्वर, पापी मानिस देख्दैन तपाईंको महिमा
तपाईंझैं पवित्र अरू कोही छैन, सिद्ध छन् बल प्रेम सत्य तपाईंका ।

४. पवित्र(३) परमेश्वर, गर्दछन् सबै सृष्टिले तपाईंको बडाई
पवित्र(२) शक्तिमान दयालु त्रिएक परमेश्वर धन्य तपाईंलाई ।

**बाइबल पद :** ती चारैओटा प्राणीका छ-छओटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए । दिनरात तिनीहरू नथामीकन यसो भन्दै गाइरहन्छन्, “पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ ।” प्रकाश ४:८